**आकाशवाणी खरसाङः प्रादेशिक समाचार– नेपाली**

**मितिः १६ जून २०२६**

समयः १८:५० – १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदी भोलि ओडिशा र पश्चिम बंगालको भ्रमणमा रहनुहुनेछ।

- पश्चिम बंगालमा आगामी 21 जूनमा आयोजित हुने 12 औं अन्तर्राष्ट्रिय योग दिवसको राष्ट्रिय समारोहको तयारी अन्तिम चरणमा पुगेको छ ।

- हिज रातभरी परेको अविरल वर्षाको कारण पहाड़को विभिन्न ठाउँमा बाढ़ी अनि पैह्रोको कारण जनजीवन प्रभावित बनेको छ।

- राष्ट्रिय परीक्षा एजेन्सी - NTA ले आइतबार हुने राष्ट्रिय पात्रता-सह-प्रवेश परीक्षा- स्नातक (नीट-यूजी) को पुन: परीक्षामा सहभागी हुने उम्मेदवारहरूको लागि आधिकारिक व्हाट्सएप सञ्चार च्यानल सुरु गरेको छ।

- पश्चिम बंगालमा मनसुनले गति लिएको छ, आज उत्तर र दक्षिण बंगालका धेरै जिल्लाहरूमा वर्षा र मेघगर्जन जारी रहनेछ।

**पीएम भ्रमण**

प्रधानमन्त्री नरेन्द्र मोदी भोलि ओडिशा र पश्चिम बंगालको भ्रमणमा रहनुहुनेछ। राष्ट्रपति द्रौपदी मुर्मु पनि प्रधानमन्त्रीका साथ ओडिशाके एकदिवसीय भ्रमणमा सामेल हुनुहुनेछ।राष्ट्रपति र प्रधानमन्त्रीले ओडिशा सरकारको दुई वर्ष पूरा भएको अवसरमा मयूरभञ्ज जिल्लाको रायरांगपुरमा आयोजना हुने समारोहमा सहभागी जनाउनुहुनेछ।कार्यक्रमको क्रममा, उहाँले 47 हजार करोड़ रुपियाँ भन्दा बढी मूल्यका विभिन्न विकास परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुहुनेछ। श्री मोदी भोलि पश्चिम बंगालको हुगली जिल्लाको तारकेश्वरमा पश्चिम बंगाल दिवस समारोहमा पनि भाग लिनुहुनेछ। उहाँले पश्चिम बंगालमा धेरै विकास परियोजनाहरूको शुभारंभ गर्नुहुनेछ। श्री मोदीले प्रधान मंत्री किसान सम्मान निधि (पीएम-किसान) को 23 औं किस्ता जारी गर्नुहुनेछ।

**बंगाल योग दिवस**

पश्चिम बंगालमा आगामी 21 जूनमा आयोजित हुने 12 औं अन्तर्राष्ट्रिय योग दिवसको राष्ट्रिय समारोहको तयारी अन्तिम चरणमा पुगेको छ ।यस अवसरमा प्रधानमन्त्री नरेन्द्र मोदीको कोलकाता आगमनलाई लिएर भारतीय जनता पार्टीका नेताहरूले राज्यको लागि ऐतिहासिक क्षण बताएका छन्।पार्टीको भनाई छ प्रधानमन्त्री मोदीको उपस्थितिमा योग दिवसको आयोजनले अभूतपूर्व रूप लिनेछ र बंगाल एक ऐतिहासिक घटनाको साक्षी बनेछ।यसैबीच, योग दिवसको पूर्व आयोजित कार्यक्रम अन्तर्गत आज कोलकातामा " रन फार योग 2026"' " म्याराथनको आयोजना गरियो।मुख्यमन्त्री शुभेन्दु अधिकारीले कोलकाता नगर निगम मुख्यालयबाट यस म्याराथनलाई हरियो झण्डा देखाएर प्रस्थान गराउनुभयो।प्रधानमन्त्री नरेन्द्र मोदीले 21 जूनमा कोलकाताको ऐतिहासिक रेड रोडमा आयोजना हुने राष्ट्रिय समारोहमा कॉमन योग प्रोटोकल अन्तर्गत योग अभ्यासको नेतृत्व गर्नुहुनेछ।यस अवसरमा, अन्तर्राष्ट्रिय योग दिवस 2026 लाई समर्पित 12 विशेष डाक आवरण पनि जारी गरियो।कार्यक्रममा पश्चिम बंगाल परिमंडलका मुख्य डाक महाध्यक्ष अशोक कुमार पनि उपस्थित

थिए। 21 जूनमा बिहान 5 बजे रेड रोडमा राष्ट्रीय समारोहको शुभारंभ हुनेछ।कार्यक्रममा हजारौं मानिसहरू व्यक्तिगत रूपमा उपस्थित हुने अपेक्षा गरिएको छ भने देश र विश्वभरिबाट लाखौं मानिसहरू भर्चुअल रूपमा सामेल हुनेछन्। इस वर्ष योग दिवस की थीम "एक पृथ्वी, एक स्वास्थ्य के लिए योग" रखी गई है। यस वर्ष योग दिवसको थीम "एक पृथ्वी, एक स्वास्थ्यको लागि योग" रहेको छ।

**बाढ़ी पैरो -पहाड़**

हिज रातभरी परेको अविरल वर्षाको कारण पहाड़को विभिन्न ठाउँमा बाढ़ी अनि पैह्रोको कारण जनजीवन प्रभावित बनेको छ। अविरल वर्षाको कारण बालसन खोलाको जलस्तर बढ़ेपछि दुधेमा निर्मित अस्थायी ह्युम पाइपको पुल भत्किएको छ। पुल भत्किएपछि उक्त मार्ग भएर मिरिक अनि सिलगढ़ीबीच चल्ने सवारी साधान ठप्प भएको छ। यसरी नै सिलगढीदेखि मिरिक हुँदै सुके पोखरी,मानेभञ्ज्याङ, रिम्बिक आदि क्षेत्रका सवारी साधान पनि ठप्प बन्न पुगेको छ। घटनापछि दार्जीलिङका सांसद राजु विष्टले क्षेत्रको भ्रमण गर्नु भएको छ। श्री विष्टले पत्रकारहरूसँग कुराकानी गर्ने क्रममा दुधेस्थित अस्थायी पुल चाँड़ै निर्माण गेरेर यातायात सुचारू गर्ने बताउनु भएको छ। उहाँले यस घटनाबारे राज्यका मुख्यमन्त्री सुभेन्दु अधिकारीलाई बेली ब्रीज निर्माण गर्न सेना वा बीआरओलाई संलग्न गराउन अनुरोध गरेको पनि बताउनु भएको छ। यसरी नै उहाँले आवश्यक कर्मचारीहरू सहित बुलडोजर सहित थप स्रोतहरू आपूर्ति गर्न र दार्जिलिङ पहाड, तराई र डुवर्स क्षेत्रका विभिन्न भागहरूमा एसडीआरएफ अनि एनडीआरएफ एकाइहरूको तैनाथीको लागि अनुरोध गरेको पनि बताउनु भयो। यसैबीच राष्ट्रिय राजमार्ग 110 अन्तर्गत महानदीमा पैह्रो गएपछि यातायात ठप्प बनेको थियो। तथापि आज दिउसो सड़कमा झरेको पैरो सोहोरेपछि बाधित राष्ट्रिय राजमार्ग 110 पुनः खोलिएको छ। अर्कोतिर सुके पोखरी खण्ड अन्तर्गत टुक्रेमा राङभाङ खोलामा निर्मित अस्थायी ह्युम पाइप पुल बगाएपछि उक्त मार्ग भएर नागरी,मगरजोङ, पोख्रेबुङ लगायत वरिपरिको क्षेत्र अनि मिरिकबीचको यातायात सेवा पूर्ण रूपमा ठप्प बनेको छ।

**उच्च न्यायालय ममता बनर्जी**

पश्चिम बंगालमा गत वर्ष 21 जुलाईमा शहीद दिवस कार्यक्रमको क्रममा कोलकातामा प्रमुख सडकहरू अवरुद्ध गरेर र्‍याली आयोजना गरेकोमा कलकत्ता उच्च न्यायालयले तृणमूल कांग्रेसकी अध्यक्ष तथा पूर्व मुख्यमन्त्री ममता बनर्जी र पार्टीका राष्ट्रिय महासचिव तथा लोकसभा सांसद अभिषेक बनर्जीलाई नोटिस जारी गरेको छ।यो मुद्दा न्यायालयको अवहेलनासित सम्बन्धित छ। आगमी सुनुवाइ तीन जुलाईमा हुनेछ। न्यायाधीश अरिजित बनर्जीको नेतृत्वमा रहेको खंडपीठले आज यस मुद्दाको सुनुवाइ गर्यो।

**गौतम देव राजीनामा**

सिलगढी नगर निगमका मेयर गौतम देवले आज आफ्नो पदबाट राजीनामा दिनु भएको छ। जानकारी अनुसार उहाँले आज प्रशासनलाई औपचारिक रूपमा आफ्नो राजीनामा सुम्पिनु भयो।हालै उहाँलाई तृणमूल कांग्रेसको दार्जिलिङ जिल्ला (समतल) समितिको अध्यक्षको रूपमा नियुक्त गरिएको छ। सूत्रहरु अनुसार बदलिएको राजनीतिक परिस्थितिमा प्रशासनिक काम सुचारु रूपमा गर्न नसक्ने भएकाले उहाँले यो निर्णय लिनु भएको हो।हिजो मेयर परिषदको बैठकमा उहाँले राजीनामा दिने इच्छा व्यक्त गर्नुभएको थियो।

(गौतम देवको राजनीतिक जीवन हेर्दा उहाँको पार्टीमा महत्वपुर्ण योगदान रहेको छ। 2011 मा राज्यमा सत्ता परिवर्तन पछि, उहाँलाई उत्तर बंगाल विकास विभागको मन्त्री नियुक्त गरिएको थियो ।2016 को चुनाव जितेपछि तत्कालीन मुख्यमन्त्री ममता बनर्जीले उहाँलाई पर्यटन मन्त्री नियुक्त गर्नुभएको थियो। यद्यपि, 2021 को विधानसभा चुनावमा उहाँले पराजयको सामना गर्न परेको थियो। त्यसपछि, 2022 मा सिलगढी नगर निगमको चुनावमा तृणमूल कांग्रेसको जितपछि उहाँलाई मेयर बनाइएको थियो।)समाचार कक्षबाट---------------------

**अनित थापा**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाका अध्यक्ष अनित थापाले अब सांसद राजु विष्टलाई सबैले साथ दिनु पर्ने बताउनु भएको छ। उहाँले आज खरसाङमा आयोजित पार्टीको कार्यक्रमलाई सम्बोधन गर्नु हुँदै भागोप्रमो नबाँचे पनि जाति मुद्धा बाँच्नु पर्छ र यसका लागि सांसद राजु विष्टको ताकत भएर बस्नु पर्ने बताउनु भएको छ। उहाँले गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका मुख्य कार्यपाल तथा सभासदको पदबाट जातिको मुद्धाका लागि राजीनामा दिएको बताउनु भयो। उहाँले जीटीए चुनावमा विजय हासिल गरेपछि पनि आफूहरूले जीटीए सभाको पहिलो सभामा नै गोर्खाल्याण्डको प्रस्ताव राखेको बताउनु भयो।

BYTE

**एनटीए**

राष्ट्रिय परीक्षा एजेन्सी - NTA ले आइतबार हुने राष्ट्रिय पात्रता-सह-प्रवेश परीक्षा- स्नातक (नीट-यूजी) को पुन: परीक्षामा सहभागी हुने उम्मेदवारहरूको लागि आधिकारिक व्हाट्सएप सञ्चार च्यानल सुरु गरेको छ।एनटीएले स्पष्ट पारेको छ कि सबै आधिकारिक व्हाट्सएप सन्देशहरू उसको सत्यापित नंबर- 91 - **78 27 98 02 87** को माध्यमले पठाइनेछ।एजेन्सीले उम्मेदवारहरूलाई NTA बाट पठाइएको कुनै पनि सन्देशमा विश्वास गर्नु अघि नीलो सत्यापन चिन्ह र "राष्ट्रिय परीक्षा एजेन्सी" नामको जाँच गर्न सल्लाह दिएको छ।

**सामुहिक राजीनामा**

भारतीय गोर्खा प्रजान्त्रिक मोर्चाका 12 जना सभासदले आज पार्टीको साधारण सदस्य समेत नरहने गरी सामुहिक राजीनामा दिएका छन्। राजीनामा दिने सभासदहरूमा सुके मानेभञ्ज्याङ समष्टिबाट उदय देवान,रङबुल धोतरिया समष्टिबाट राजेश चौहान, रोङ्गो तोदे जलढाका समष्टिबाट लाक्पा नामगे भुटिया,पेदोङ समष्टिबाट कमल सुब्बा,मिरिक थर्बु डुप्टिन समष्टिबाट मिलेश राई, छिबो टाँसीडिङ समष्टिबाट सिनोरा नाम्चु, तकलिङ पोशोक समष्टिबाट मणिप्रसाद राई, टुङ सन्त मेरी समष्टिबाट नुरी शेर्पा, होम्स भालुखोप समष्टिबाट विकास राई, अलगड़ा दलपचन समष्टिबाट दावा तेन्जी शेर्पा, लाभा लिङसे समष्टिबाट कुमार शर्मा अनि सुकना पानीघट्टा समष्टिबाट परेश तिर्की रहेका छन्। सामुहिक राजीनामापछि सभासद उदय देवानले पार्टीभित्र आफूहरूको विचार नमिलेको कारण आफूहरूले सामुहिक राजीनामा दिएको बताउनु भएको छ। उहाँले यदि निकट भविष्यमा सभासदको पदबाट राजीनामा दिनु परे पनि आफूहरू तयार रहेको बताउनु भयो। यसरी नै उहाँले पार्टी अध्यक्ष अनि अन्य सभासदहरूले हालसम्म केवल भिडियो मार्फत मात्र राजीनामा दिएको बताउनु हुँदै नियम अनुसार लिखित रूपमा राजीनामा दिनु पर्ने पनि माग गर्नु भएको छ।

**खरसाङ- योग दिवस**

खरसाङ नगरपालिकाले आज विश्व योग दिवसको अवसरमा योगका लागि रन विषयमा एक दौड़ कार्यक्रम आयोजना गर्यो। जसमा लगभग 250 जना धावकहरूले सहभागिता जनाएका थिए। दौड़ खरसाङ रेलवे स्टेशनबाट शुरू भएर विभिन्न पथहरूको परिक्रमा गर्दै रेलवे स्टेशन परिसरमा नै आएर समापन भएको थियो। यसरी नै आगामी 21 जुनको दिन विश्व योग दिवसको अवसरमा क्रिड़ा भारती खरसाङले सन्त अलफन्सस स्कूलमा भव्य रूपमा योगा दिवस आयोजना गर्ने जानकारी क्रिड़ा भारती खरसाङका संयोजक दिव्यतम अधिकारीले जानकारी दिनु भएको छ।

**मौसम**

पश्चिम बंगालमा मनसुनले गति लिएको छ, आज बिहानदेखि नै कोलकाता सहित राज्यका विभिन्न भागहरूमा भारी वर्षा र तेज हावा चलिरहेको छ।यसैबीच, कोलकाता विमानस्थलमा चट्याङको घटनामा तीन जना ग्राउन्ड स्टाफ गम्भीर रूपमा घाइते भएका छन्। उनीहरूको अवस्था गम्भीर रहेको बताइएको छ। अर्कोतर्फ, महानन्द क्षेत्रमा पहिरोका कारण सिलगढी-खरसाङ मार्गमा पनि यातायात प्रभावित भएको छ। मौसम विभाग अनुसार आगामी केही दिन उत्तर र दक्षिण बंगालका धेरै जिल्लाहरूमा वर्षा र मेघगर्जन जारी रहनेछ। उत्तर बंगालका केही क्षेत्रमा अत्यधिक भारी वर्षा हुने अनुमान गरिएको छ।

**********